धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६० ◆ २०८३ भदौ ३१ बुधबार ◆ Wednesday, September 16, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## रसुवा बाढीमा ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। रसुवाको भोटेकोशी बाढीमा ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता भएका छन्। पर्यटन विभागका अनुसार विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका ६०७ विदेशी पर्यटक बेपत्ता भएका हुन्।

बेपत्ता भएका विदेशी पर्यटकमध्ये २६९ पुरुष, ३२९ महिला र नौ लिंग नखुलेका नागरिक छन्। बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी भारतीय रहेको विभागले जनाएको छ। विभागका अनुसार भारतका १८९ नागरिक बेपत्ता भएका छन्। भारत नेपालको विपतमा सबैभन्दा बढी भौतिक सहयोग गर्ने देश हो।

बाढीमा अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्याण्डका एक, फ्रान्स चार, जर्मनी आठ, हंगेरी एक, आइरिस दुई, इजरायल एक, लिथ्वानियाका एक, मलेसियाका ५५, नेदरल्याण्डका दुईजना बेपत्ता भएका छन्। यस्तै, न्यूजरल्याण्डका पाँच, पोर्चुगलका दुई, रसियाका ६, सिंगापुरका नौ, साउथ अफ्रिकाका ६, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्वीडेनका एकजना बेपत्ता छन्।

लाटभियाका ३३, स्वीजरल्याण्डका एक, इटालीका दुई, चीनका ३७, भियतनाम एक, इस्टोनियाका दुई र कोरियाका नौ पर्यटक हराएका छन्। बाढीमा परेर नेपालका १८८ पर्यटक पनि बेपत्ता भएका हुन्।

विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला छन्। बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रुपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारी सुरज घिमिरेले जानकारी दिए।

हालसम्म ३१० विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ। उद्धार भएकामध्ये २५८ पुरुष र ५२ महिला छन्।

# राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न सरकार प्रतिबद्ध छः परराष्ट्रमन्त्री खनाल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकमा परराष्ट्रमन्त्री खनालले 'विगतको बोझ' (वल्ड ब्यागेज) भन्ने अभिव्यक्ति नेपालको गरिमामय इतिहास, राष्ट्रिय विरासत, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय हितको रक्षा र ऐतिहासिक दस्तावेजको संरक्षणप्रति लक्षित नभएको स्पष्ट पार्नुभयो।

बैठकमा सांसद सीता थपलियाले परराष्ट्रमन्त्री खनालले भारत भ्रमणका क्रममा द्विपक्षीय वार्तामा 'वर्तमान सरकारसँग पुरानो ब्यागेज नभएको' अभिव्यक्ति दिनुभएका सन्दर्भमा त्यसको अर्थ, विगतका सरकारका कुन-कुन निर्णय 'ब्यागेज' हुन्, लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको नक्सालाई संविधानमा समावेश गर्ने निर्णय 'पुरानो ब्यागेज' हो कि होइन तथा विगतका सरकारका परराष्ट्र नीतिमा के-कस्ता गल्ती भए भन्ने विषयमा प्रश्न गर्नुभएको थियो। उक्त प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री खनालले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। नेपालले छिमेकी एवं मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै उहाँले ती देशसँग द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने दिशामा उच्चस्तरीय भ्रमणहरूको महत्त्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो। छिमेकी मुलुक भारत र चीनको पछिल्लो औपचारिक भ्रमणबारे आफूले सदनलाई जानकारी गराइसकेको उहाँले स्पष्ट पार्नुभयो।

लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको राजनीतिक नक्सा र त्यसलाई अनुमोदन गर्ने संविधान संशोधन गर्ने संसद्को सर्वसम्मत निर्णय समग्र नेपाली जनताको साझा राष्ट्रिय सङ्कल्प भएको मन्त्री खनालले बताउनुभयो। "यो हाम्रो संवैधानिक र सार्वभौम दस्तावेज हो, जसलाई कुनै पनि सन्दर्भमा 'बोझ' मान्न सकिँदैन", उहाँले भन्नुभयो। मन्त्री खनालले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, सिमानाको रक्षा र



स्वाभिमानलाई अक्षुण्ण राख्ने विषय कुनै पनि सरकारको सर्वोपरि एवं स्थायी जिम्मेवारी भएको बताउनुभयो।

परराष्ट्रमन्त्री खनालले वर्तमान सरकार कुनै पनि पूर्वाग्रह, संकीर्णता र अनावश्यक अविश्वासको बन्दी नबनी पारस्परिक समानता, सम्मान, विश्वास र आर्थिक साझेदारीका आधारमा छिमेकी तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई रूपान्तरणकारी दिशा दिन चाहेको स्पष्ट पार्नुभयो।

"राष्ट्रिय हितलाई सर्वोपरि राख्दै स्पष्ट, परिपक्व र परिणाममुखी कूटनीतिमार्फत मुलुकको आर्थिक समृद्धि हासिल गर्नु नै वर्तमान सरकार र परराष्ट्र मन्त्रालयको स्पष्ट दृष्टिकोण रहेको व्यहोरा अनुरोध छ", मन्त्री खनालले भन्नुभयो।

## बाढी प्रभावित क्षेत्रमा १२ वटा झोलुङ्गे पुलको मर्मत सुरु



काठमाडौं। सरकारले बाढी प्रभावित क्षेत्रमा क्षतिग्रस्त १२ वटा झोलुङ्गे पुलको मर्मत सुरु गरेको छ। पूर्वाधार विकास मन्त्रालयका अनुसार धादिङको कालिकास्थान, मालिङ्गा, मझुवाटार दोभान, महादेवा मास्टर, चिरौंदी खोला, शीतलबजार क्युरेनीटार र बेल्खु भुतियामा रहेका क्षतिग्रस्त झोलुङ्गे पुलको मर्मत सुरु भइसकेको छ।

त्यसैगरी, नुवाकोट र धादिङ जोड्ने केउरेनी गहते, पिमलटार जागाराम, कोतपु कल्लेरी, फोग्रेटार र फिलिङ झोलुङ्गे पुल तथा गोरखा र धादिङ जोड्ने बादरे झोलुङ्गे पुलको पनि मर्मत सुरु भइसकेको छ। यी पुलहरू असोज २० गतेभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको मन्त्रालयले जनाएको छ। साथै बाढीबाट प्रभावित थप आठ वटा झोलुङ्गे पुलको मर्मतका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक तयारी अगाडि बढाइएको छ। मर्मतमा आवश्यक 'डेक'लगायत सामग्री खरिदका लागि विभिन्न निर्माण कम्पनीहरूसँग सम्झौता भइ पहिलो चरणको सामग्री कार्यस्थलमा आपूर्ति भइसकेको छ भने दोस्रो चरणको स्टिल पार्ट्स खरिद प्रक्रिया अघि बढाइएको छ।

यसबाहेक उक्त करिडोरमा पूर्ण रुपमा क्षतिग्रस्त ३३ वटा झोलुङ्गे पुलको पुनःनिर्माणका लागि भदौ १७ गते बोलपत्र आह्वान भइसकेको मन्त्रालयको भनाइ छ। पुल निर्माण तथा मर्मतका लागि अत्यावश्यक मानिने लट्ठा, 'बुलडग ग्रिप्स' लगायत सामग्री खरिद गर्न सरकारले बोलपत्र आह्वान गरेको हो।

# कृष्णभीरमा ट्र्याक खोल्ने काम सकियो

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी। रसुवाको भोटेकोशीमा गएको बाढीका कारण अवरुद्ध भएको पृथ्वीराजमार्गको नागढुङ्गा-मुग्लिन सडकखण्डमा पर्ने कृष्णभीरमा ट्र्याक खोल्ने काम सम्पन्न भएको छ। उक्त खण्डमा यही भदौ २८ गतेदेखि परीक्षणका रुपमा यातायात सेवा सुरु भइसकेको छ भने आगामी असोज १ गतेदेखि पूर्ण रुपमा यातायात सञ्चालन सुरु हुनेछ।

प्रधानमन्त्री वालेन्द्र शाहले यही भदौ १७ गते सङ्घीय संसद्मा सम्बोधनका क्रममा रसुवाको बाढीले क्षतिग्रस्त कृष्णभीर खण्ड भदौ महिना भित्रै सञ्चालनमा ल्याउने बताउनुभएको थियो। सोहीअनुसार पूर्वाधार विकास मन्त्रालयले उक्त खण्डमा ट्र्याक खोल्ने काम सुरु गरेको हो। सडक विभागका सिनियर डिभिजनल इन्जिनियर तथा नागढुङ्गा-नौबिसे-मुग्लिन सडकखण्डका आयोजना संयोजक सुरेश पौडेलका अनुसार बाढीका कारण उक्त सडकखण्डमा क्षति पुगेको थियो। त्यसलगत्तै पूर्वाधार विकास मन्त्रालयले आवश्यक अध्ययन गरेको थियो।

मन्त्रालयले सडक विभाग र नेपाल जियोटेक्निकल सोसाइटी (एनजीएस) को सहयोगमा चार दिनसम्म स्थलगत प्राविधिक अध्ययन गरेको थियो। विज्ञहरुले कृष्णभीरको पहाड काटेर २५० मिटर लामो नयाँ ट्र्याक बनाउन पहिलो विकल्पका रुपमा सुझाव दिनुभएको थियो। "विभागले विज्ञहरुबाट विभिन्न सुझाव लिएर भदौ १९ गतेदेखि रुख कटान सुरु गरेको थियो, कृष्णभीर क्षेत्रमा ३५ मिटर उचाइ र पहाडको भित्रतर्फ २० मिटर खनेर ट्र्याक निर्माण भइसकेको छ", इन्जिनियर पौडेलले भन्नुभयो। उहाँका अनुसार सो कार्यमा प्राविधिकसहितका ५० जनाले निरन्तर दैनिक १२ देखि १६ घण्टासम्म काम गरिरहेका छन्।

फलस्वरुप काम सुरु भएको १०औं दिन अर्थात् भदौ २८ गतेदेखि परीक्षणका रूपमा ग्यास बुलेटसहित केही सवारीसाधन सञ्चालन भइसकेका छन्। अहिले पनि बिहान र बेलुकाको समयमा अत्यावश्यक यातायातका साधन सञ्चालन भइरहेका छन्। संयोजक पौडेलका अनुसार हाल उक्त सडकखण्डमा ग्राभेल गर्ने, नाली निर्माण गर्ने तथा सडकलाई थप मजबुत बनाउने काम भइरहेको छ। "भदौ ३१ गतेसम्म ग्राभेलको काम पुरा हुनेछ। असोज १ गते बिहानदेखि दुईतर्फी यातायात सञ्चालन गरिनेछ", उहाँले भन्नुभयो। नयाँ ट्र्याक सञ्चालनमा आएपछि माथिबाट पहिरो वा हिलो-लेदो खसेर पुनः यातायात अवरुद्ध हुन सक्ने जोखिमलाई कम गर्नका लागि तयारी भइसकेको छ। माथिबाट पहिरो आएमा तत्काल हटाउनका लागि आवश्यक उपकरणहरु तयारी अवस्थामा राखिएका उहाँको भनाइ छ।

विभागका अनुसार उक्त स्थानमा पानीसहितको लेदो आएर ग्राभेल बिगार्न सक्ने अवस्थालाई ध्यानमा राख्दै थप ग्राभेल सामग्री मौज्दात राखिएको छ। साथै पहाडभित्रबाट पानीको सिपेज सडकमा आउन सक्ने जोखिम कम गर्न 'सर्फेस ड्रेनेज'को व्यवस्था गरिएको छ। माटोभित्रबाट आउने पानी सडकको संरचनामा प्रवेश गर्नुअघि उचित निकासमार्फत

*सम्पादकीय ....*

## नागरिकमैत्री सेवा प्रवाह : परिपत्रको सार्थकता अब कार्यान्वयनमा

सरकारी कार्यालय नागरिकलाई सहज, सरल, छिटोछरितो र प्रभावकारी सेवा उपलब्ध गराउने सार्वजनिक निकाय हुन् । सेवाग्राहीले अनावश्यक झन्झट, अतिरिक्त खर्च र बिचौलियाको सहारा बिना सेवा पाउन सक्नु सुशासनको आधारभूत अपेक्षा हो । यही उद्देश्यअनुसार गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई सेवा प्रवाह थप सहज र प्रभावकारी बनाउन जारी गरेको परिपत्रले नागरिक सहायता, निःशुल्क सहजीकरण तथा बिचौलिया नियन्त्रणलाई प्राथमिकतामा राखेको छ ।

परिपत्रमा सरकारी कार्यालय परिसरमा सेवाग्राहीलाई सहयोग र सहजीकरण गर्ने नाममा गैरकानुनी रूपमा रकम असुल गर्ने व्यक्तिमाथि निगरानी गरी कानुनबमोजिम कारबाही गर्ने व्यवस्था मिलाउन भनिएको छ । सरकारी सेवा लिन पुगेका नागरिकले कार्यालयकै सेवा प्राप्त गर्न बाह्य व्यक्तिलाई रकम तिर्नुपर्ने अवस्था सिर्जना हुनु हुँदैन । कार्यालयभित्रै आवश्यक सूचना र सहयोग सहज रूपमा उपलब्ध भए बिचौलियाको आवश्यकता स्वतः घट्दै जान्छ ।

नागरिक सहायता कक्षबाट जिल्ला प्रशासन कार्यालयमा प्रयोग हुने निवेदन तथा फारम निःशुल्क उपलब्ध गराउने, राष्ट्रिय परिचयपत्र र राहदानीका लागि अनलाइन फारम भर्न सहयोग गर्ने, फोटोकपी तथा स्क्यान सेवा दिने र इमेलबाट आवश्यक कागजात मगाएर प्रिन्ट गर्नेसम्मको व्यवस्था मिलाउन निर्देशन दिइएको छ । प्रविधिसँग पर्याप्त परिचित नभएका, आर्थिक रूपमा कमजोर तथा टाढाबाट सेवा लिन आएका नागरिकका लागि यस्ता व्यवस्था विशेष उपयोगी हुन सक्छन् ।

परिपत्रले अपाङ्गता भएका व्यक्ति, अशक्त, गर्भवती महिला, साना बच्चा भएका महिला, ज्येष्ठ नागरिक तथा टाढाबाट आएका सेवाग्राहीलाई सेवा प्रवाहमा प्राथमिकता दिनसमेत भनेको छ । नागरिकको अवस्था र आवश्यकतालाई बुझेर सेवा दिन सक्नु सार्वजनिक प्रशासनको संवेदनशील पक्ष हो ।

जिल्लास्थित अन्य सरकारी तथा गैरसरकारी कार्यालयबाट प्रदान गरिने सेवाको प्रकृतिअनुसार नागरिक सहायता कक्षमार्फत निःशुल्क सहयोग उपलब्ध गराउन तथा कार्यालयका वेबसाइट, सामाजिक सञ्जाल र अन्य माध्यमबाट आवश्यक सूचना तथा कार्यविधि नियमित सार्वजनिक गर्न गरिएको निर्देशन पनि महत्त्वपूर्ण छ ।

अब मुख्य प्रश्न कार्यान्वयनको हो । नागरिक सहायता कक्षको बोर्ड राखेर मात्र उद्देश्य पूरा हुँदैन । त्यहाँ जिम्मेवार कर्मचारी, आवश्यक प्रविधि, इन्टरनेट, प्रिन्टर, स्क्यानर, स्पष्ट सूचना र सहयोगी व्यवहार सुनिश्चित हुनुपर्छ । निःशुल्क भनिएका सेवा व्यवहारमै निःशुल्क उपलब्ध भए-नभएको नियमित अनुगमन पनि उत्तिकै आवश्यक छ ।

नागरिकले सरकारी कार्यालयको ढोकामा पुग्दा सम्मान, स्पष्ट सूचना र सहज सेवा पाउन सक्ने वातावरण निर्माण हुनु सार्वजनिक प्रशासनप्रतिको विश्वाससँग जोडिएको विषय हो । गृह मन्त्रालयको यो परिपत्रले त्यस दिशामा स्पष्ट आधार प्रस्तुत गरेको छ । यसको प्रभावकारिता भने प्रत्येक कार्यालयले कति इमान्दारीपूर्वक कार्यान्वयन गर्छ र नागरिकले व्यवहारमा कस्तो सेवा अनुभव गर्छन् भन्ने कुराले निर्धारण गर्नेछ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष **राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# 'धादिङलाई फेरि जोड्नु हाम्रो पहिलो प्राथमिकता हो, पुल निर्माणमा ढिलाइ गर्दैनौँ' : सांसद वोधनारायण श्रेष्ठ

### 'कनेक्ट धादिङ' पुल र सडकबाट सुरु गरेर व्यापक अभियानका रूपमा अघि बढाउनुपर्छ ।



**मा.बोधनारायण श्रेष्ठ**
**संघिय सांसद,धादिङ क्षेत्र न-२**

भदौ १० गतेको बाढीपछि धादिङको यातायात तथा भौतिक पूर्वाधारमा ठूलो असर परेको छ । विशेषगरी फुर्केखोलाको पुल बगेसँगै सदरमुकाम धादिङबेँसीसहित जिल्लाका विभिन्न स्थानीय तहको आवागमन प्रभावित बनेको छ । वैकल्पिक सडक सञ्चालन, क्षतिग्रस्त पुलको पुनर्निर्माण, झोलुङ्गे पुल मर्मत र दीर्घकालीन रूपमा जिल्लाको यातायात सञ्जाललाई कसरी सुरक्षित तथा भरपर्दो बनाउने भन्ने विषय अहिले प्रमुख सरोकारका रूपमा उठेको छ । यसै सन्दर्भमा 'कनेक्ट धादिङ' अभियान, फुर्केखोलामा नयाँ पुल निर्माणको सम्भावना, वैकल्पिक सडकको स्तरोन्नति, विपद् पूर्वतयारी तथा प्रभावित क्षेत्रको पुनःस्थापनाबारे धादिङ क्षेत्र नं. २ का संघीय सांसद वोधनारायण श्रेष्ठसँग सहकर्मी पत्रकार रामकुमार थापाले गरेको कुराकानीको सम्पादित अंश :

**प्रश्न :** 'कनेक्ट धादिङ' का विषयमा यहाँले भिडियोमार्फत धारणा सार्वजनिक गर्नुभएको थियो । 'कनेक्ट धादिङ' अभियानप्रति यहाँहरूको असहमति हो कि यसलाई पुल र सडकमा मात्र सीमित नराखी समग्र जिल्लालाई जोड्ने अभियान बनाउनुपर्छ भन्ने आशय हो ?

**उत्तर :** 'कनेक्ट धादिङ' प्रति हाम्रो पूर्ण सहमति छ । अहिलेका लागि यसको पहिलो प्राथमिकता पुल र सडकबाट धादिङलाई जोड्नु हो । त्यसपछि यसलाई क्रमशः व्यापक अभियानका रूपमा अघि बढाउनुपर्छ । अरू विषयलाई पनि यससँग जोड्दै जानुपर्छ भन्ने मेरो धारणा हो । त्यसैले यो अभियानलाई समर्थन नगर्ने होइन, समर्थन गर्दै अझ फराकिलो बनाउने र निरन्तरता दिने कुरा हो ।

**प्रश्न :** अहिले नागरिकले मुख्य रूपमा फुर्केखोलाको पुलको विषय उठाइरहेका छन् । पुल बन्छ भने कहिलेदेखि र कहाँ बन्छ ? तत्काल पुल सम्भव नभए वैकल्पिक सडक स्तरोन्नति गरेर आवागमन सहज बनाउन सकिन्छ कि सकिँदैन ?

**उत्तर :** मज्जाले सकिन्छ । हरेक विपद् दुःखद् हुन्छ, तर विपद्पछि पुनर्निर्माण गर्दा त्यसलाई अझ राम्रो संरचना बनाउने अवसरका रूपमा पनि लिनुपर्छ । पुल, सडक वा अन्य पूर्वाधार पहिलेभन्दा बलियो र जलवायुजन्य विपद् सहन सक्ने गरी निर्माण गर्नुपर्छ । भविष्यमा अहिलेभन्दा ठूलो बाढी आउँदा पनि नबिग्रिने संरचनातर्फ जानुपर्छ ।

हाम्रो पहिलो प्राथमिकता फुर्केखोलाबाटै पुलमार्फत धादिङलाई जोड्ने थियो । त्यहाँको दूरी ११८ मिटरभन्दा बढी छ । हामीसँग मौज्दात बेलीब्रिज त्यसमा नमिल्ने भयो । पछि चीनबाट १०० मिटरका दुईवटा बेलीब्रिज आए । चिनियाँ प्राविधिक टोली पनि आयो, म पनि त्यहाँ गएको थिएँ । तर प्राविधिक रिपोर्टअनुसार बीचमा आवश्यक टेका राख्न नमिल्ने देखियो ।

त्यसपछि भारतबाट ७० मिटरको बेलीब्रिज आउने कुरा भयो र त्यो आयो पनि । तर त्यसले पनि फुर्केखोलाको दूरी धान्न सकेन । त्यसकारण अहिले उपलब्ध कुनै पनि बेलीब्रिज तत्काल त्यहाँ जडान गर्न सकिने अवस्था देखिएन ।

त्यसपछि अर्को विकल्पका रूपमा स्टिल स्ट्रक्चरको पुल बनाउन सकिन्छ कि भन्ने विषयमा छलफल भइरहेको छ । अर्को विकल्प, बगेको बीचको पिलर पुनर्निर्माण गरेर पहिलेजस्तै एक लेनको पुल बनाउने पनि हो । तर अहिले नदीको सतह पहिलेभन्दा माथि आएको छ । भोलि फेरि त्यही तहसम्म बाढी आयो भने पुरानै उचाइमा बनाइएको पुल फेरि जोखिममा पर्न सक्छ । त्यसैले अहिलेको संरचनालाई आंशिक रूपमा उपयोग गर्दै अझ उचाइमा र छिटो बनाउन सकिने पुलको प्रविधि के हुन सक्छ भनेर अध्ययन भइरहेको छ ।

सडक विभागको पुल महाशाखाले यसको अध्ययन गरिरहेको छ । अहिलेसम्म अन्तिम निर्णय भएको छैन । तर जतिसक्दो छिटो टेन्डर प्रक्रियामा जाने विषयमा सहमति भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यू र पूर्वाधार विकास मन्त्रीज्यूसँग पनि यस विषयमा निरन्तर छलफल भइरहेको छ । हिजो पनि छलफल भएको थियो । म मात्रै होइन, धादिङका सबै सांसद यस विषयमा लागिरहनुभएको छ । हाम्रो पहिलो प्राथमिकता नै पुल हो ।

यससँगै माथिल्लो क्षेत्रको घाटबेँसी पुलको सम्भावनाबारे पनि छलफल भएको छ । त्यहाँ करिब ५०-५० मिटरका दुई खण्ड जोडेर पुल बनाउन सकिन्छ कि भन्ने विकल्प पनि हेरिएको छ । प्राविधिक रूपमा जुन विकल्प छिटो सम्भव हुन्छ, त्यसैबाट काम अघि बढ्छ ।

सडकतर्फ हामीले दुईवटा वैकल्पिक मार्गलाई प्राथमिकतामा राखेका छौँ । मासटार-परेवाटार सडकलाई पहिलो प्राथमिकता दिएर सञ्चालन गर्ने योजना हो । सुरुमै दुईतर्फी बनाउँदा केही समय लाग्ने देखिएकाले अहिले एकतर्फी सञ्चालनबाट सुरु गर्ने कुरा भएको छ । भविष्यका लागि हामीलाई वैकल्पिक राजमार्ग नै आवश्यक छ । अहिले परेवाटारदेखि मासटारसम्म भनिएको सडकलाई पछि गल्छीसम्म जोडेर त्रिशूलीपारिबाट निकाल्ने विषयमा समेत छलफल भएको छ ।

अर्को सुनौलाबजारबाट फोस्रेटार हुँदै गल्छी निस्किने सडक अहिले प्रयोगमा छ । त्यसलाई थप स्तरोन्नति गर्नुपर्ने ठाउँमा सुधार गर्दै जाने कुरा छ । यससँगै झोलुङ्गे पुलको विषय पनि छ । अहिले चार-पाँचवटा झोलुङ्गे पुल मर्मतको प्रक्रियामा छन् र काम सुरु भइसकेको छ । मैले झोलुङ्गे पुलसम्बन्धी निकायसँग यसअघि पनि छलफल गरेको थिएँ, हिजो पनि यसै विषयमा छलफल भएको छ । प्राविधिक टोली परिचालन भइरहेको छ । झोलुङ्गे पुल नहुँदा विद्यार्थी विद्यालय जान पाएका छैनन्, बिरामी अस्पताल जान समस्या भएको छ । त्यसैले झोलुङ्गे पुल मर्मतलाई पनि सँगसँगै अघि बढाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा धादिङका अन्य सडकबारे पनि लामो छलफल भएको थियो । पालिका अध्यक्षहरूले सिफारिस गर्नुभएका सडकसमेत छलफलमा आएका छन् । हामीले सक्नेसम्म यस विपद्लाई पुनर्निर्माणको अवसरका रूपमा लिएर धादिङलाई जोड्ने कामलाई व्यापक र निरन्तर रूपमा अघि बढाउनुपर्छ भन्ने मेरो मान्यता हो ।

**प्रश्न :** धादिङका नागरिकले यहाँलाई आशा र भरोसाका रूपमा हेरेका छन् । सभामुख पनि धादिङकै हुनुहुन्छ । जिल्लाका आठ स्थानीय तहको सहज आवागमन प्रभावित हुँदा सांसदहरूले पर्याप्त दबाब दिनुभएन भन्ने गुनासो पनि बजारमा सुनिन्छ नि ?

**उत्तर :** साथीहरूले मेरो भिडियो राम्रोसँग सुन्नुभयो भने मैले 'कनेक्ट धादिङ' अभियानलाई अझ व्यापक रूपमा अघि बढाउनुपर्छ भनेको छु । त्यसलाई कसरी बुझियो भन्ने एउटा विषय भयो ।

दोस्रो कुरा, दबाब भनेको के हो भन्ने पनि बुझ्नुपर्छ । दबाब देखिने गरी गर्नुपर्छ भन्ने उहाँहरूको बुझाइ होला । तर हामी विपद्को पहिलो दिनदेखि फिल्डमा गएका छौँ । सभामुखज्यूसहित हामी प्रभावित क्षेत्र पुगेका छौँ । ठाउँ-ठाउँका समस्या हेरेका छौँ ।

कृष्णभीरकै विषयमा कुरा गर्दा त्यहाँ कति डोजर र एक्साभेटर प्रयोग भएका छन्, कति जनशक्ति परिचालन भएको छ, काम कसरी भइरहेको छ भनेर हामीले हिसाब गरेका छौँ । आवश्यकताअनुसार मेसिन र जनशक्ति बढाउन लगाएका छौँ ।

बिहान ६ बजेदेखि हुने कामलाई ५ बजेदेखि सुरु गर्न भनेका छौँ । एक-एक घण्टाको महत्वलाई ध्यानमा राखेर काम भइरहेको छ । मन्त्रीसँग छुट्टै बसेका छौँ, सचिवसँग, महानिर्देशकसँग अलग-अलग छलफल गरेका छौँ । सदनमा निरन्तर कुरा उठाएका छौँ ।

सबै सरकारी बैठकका कुरा सार्वजनिक गर्न नमिल्न सक्छन् । नुवाकोटमा पनि सचिव, महानिर्देशक, सञ्चारमन्त्री, सभामुखज्यू, शिक्षामन्त्री, नुवाकोटका सांसदहरूसहित बसेर यस विषयमा छलफल गरेका छौँ । बेलीब्रिजको आवश्यकता धादिङमा मात्रै होइन । विपद् धेरै ठाउँमा आएको छ । धादिङका मानिसलाई आफ्नो जिल्लाको चिन्ता हुनु स्वाभाविक हो । तर समग्र विपद् कसरी व्यवस्थापन गर्ने र कति छिटो काम गर्न सकिन्छ भन्ने पनि हेर्नुपर्छ । एक दिन चाँडो काम सकिँदा पनि ठूलो अर्थ हुन्छ । त्यसले कसैको ज्यान जोगिन सक्छ । हामीले यो विषय नउठाएको एक दिन पनि छैन ।

यदि दबाब भन्नाले आन्दोलन गर्ने वा बाटो जाम गर्ने कुरा हो भने त्यो अलग विषय होला । अन्यथा हामीले सम्बन्धित निकायलाई पर्याप्त दबाब दिइरहेका छौँ । कतिपय कर्मचारीले कामको चापबारे हामीसँग गुनासोसमेत गर्नुभएको छ । त्यसैले हामीले के-कति काम गरिरहेका छौँ भन्ने सबै कुरा बाहिर नदेखिएको हुन सक्छ ।

**प्रश्न :** त्यसो भए एक वर्षभित्र पुल निर्माण सुरु हुन्छ कि पुल नै बनिसक्छ ?

**उत्तर :** सुरु हुने मात्रै होइन, हामी जतिसक्दो छिटो निर्माण सक्ने गरी अघि बढ्न चाहन्छौँ । टेन्डरको ठ्याक्कै मिति अहिले भन्न सक्दिनँ, तर अहिलेको अवस्थामा तीन दिनसम्मको समय राखेर पनि टेन्डर प्रक्रिया गर्न मिल्ने व्यवस्था छ ।

कुन प्रविधि टिकाउ हुन्छ र कुन प्रविधिबाट छिटो निर्माण गर्न सकिन्छ भन्ने अध्ययनपछि तत्कालै टेन्डरतर्फ जाने प्रयास छ । वर्ष दिन कुर्ने होइन, त्योभन्दा अगाडि नै, सकेसम्म महिनामै सक्ने गरी काम गर्नुपर्छ भन्ने हाम्रो प्रयास हो ।

**प्रश्न :** यहाँले पूर्वतयारीका विषयमा बोल्नुभएको कुरालाई केहीले 'पूर्वाधार नबन्नुको दोष विगततिर देखाइयो' भन्ने अर्थमा बुझेका छन् । यहाँको वास्तविक आशय के हो ?

**उत्तर :** यो निकै राम्रो प्रश्न हो । पहिलो कुरा, हरेक विषयलाई राजनीतिक रूपमा नजोड्न म अनुरोध गर्छु । विपद्ले कुनै पार्टी भनेको छैन, सत्ता वा विपक्ष भनेको छैन र भूगोल पनि छुट्याएको छैन । विपद्सँग सबै मिलेर जुध्ने हो ।

पूर्वतयारी व्यक्तिदेखि नै सुरु हुन्छ । हामीले प्रत्येक घरमा विपद् आउन सक्छ भनेर कति तयारी गरेका थियौं ? नागरिकता, परिचयपत्र, लालपुर्जा र महत्वपूर्ण सामग्री एउटा झोलामा तयार राखेका हुन्थ्यौं भने विपद्को समयमा त्यो झोला बोकेर सुरक्षित स्थानतर्फ जान सकिन्थ्यो ।

हरेक घरमा विपद्का लागि 'गो ब्याग' राख्ने अभ्यास हुन्छ । भूकम्पपछि पनि यसबारे धेरै कुरा गरेका थियौं । त्यस्तो तयारीले क्षति कम गर्न सहयोग गर्छ । हाइड्रो परियोजनाको क्रमश पृष्ठ ३ मा

# जलविद्युत् आयोजनामा हराइरहेका कर्मचारी र कामदारको खोजी तीव्र

नुवाकोट । भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीपछि नुवाकोटका दुई जलविद्युत् आयोजनामा हराइरहेका कर्मचारी तथा कामदारको खोज तथा उद्धार कार्यलाई तीव्र बनाइएको छ। माथिल्लो त्रिशूली थ्री 'ए' विद्युत् केन्द्र र माथिल्लो त्रिशूली थ्री 'बी' जलविद्युत् आयोजनामा बाढीपछि सम्पर्कविहीन भएका कर्मचारी तथा कामदारको खोजी नेपाली सेनाको नेतृत्वमा रहेको संयुक्त सुरक्षा फौजले गरिरहेको छ।

यही भदौ १० गतेको बाढीपछि जलविद्युत् आयोजना केन्द्रित खोज तथा उद्धारमा खटिएको टोलीले थ्री 'ए' को सम्भावित स्थानमा खोजीकार्य अन्तिम चरणमा पुऱ्याएको छ भने थ्री 'बी'मा निर्माणाधीन विद्युत् उत्पादन गृहको भवन क्षेत्रमा उत्खनन तथा भग्नावशेष हटाउने कार्य जारी राखेको छ।

जलविद्युत् आयोजनामा भइरहेको खोज तथा उद्धार कार्यको आज जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीसहित सुरक्षा निकायका प्रमुखहरूले स्थलगत अवलोकन गरेका छन्। खोज तथा उद्धारमा भइरहेको प्रगति, देखिएका चुनौती र गर्नुपर्ने आवश्यक सहजीकरणका सम्बन्धमा उद्धारमा खटिएका सुरक्षाफौजसँग जानकारी लिएको प्रमुख रेग्मीले जानकारी दिनुभयो।

जिल्ला सुरक्षा समितिलाई माथिल्लो त्रिशूली थ्री 'बी' जलविद्युत् आयोजनाका आयोजना प्रमुख आनन्द ढुङ्गेलले दिनुभएको जानकारीअनुसार बाढीपछि आयोजना र परामर्शदाताको तर्फबाट कार्यरत ४४ जना कर्मचारी सम्पर्कविहीन भएका छन्। त्यस्तै, आयोजनाको निर्माणमा संलग्न दुई वटा कम्पनीमा आबद्ध चार जना चिनियाँ नागरिकसहित १४२ जना कर्मचारी तथा कामदार बाढीपछि कार्यक्षेत्रमा फसेको आशङ्कामा खोज तथा उद्धारलाई तीव्र बनाइएको छ। आयोजना प्रमुख ढुङ्गेलका अनुसार कर्मचारी तथा कामदार फसेको हुनसक्ने प्रमुख स्थानका रूपमा प्रशासनिक भवन र पाँच वटा आवासीय भवनमा खोजतलास गरिएको थियो। ती संरचना पुरिएको नभई बाढीले बगाएर लगेको पाइएको उहाँले बताउनुभयो।

"सुरुङ मार्गबाट आवतजावत गर्न सहज रहेकाले त्यहाँ पनि खोजी गरियो। अब कर्मचारी तथा कामदार हुनसक्ने सम्भावित स्थानमध्ये विद्युत् उत्पादन गृहका लागि निर्माणाधीन भवन मात्र बाँकी रहेको छ", आयोजना प्रमुख ढुङ्गेलले भन्नुभयो, "अहिले त्यही हेभी उपकरण प्रयोग गरेर खोज तथा उद्धारलाई तीव्र बनाइएको छ।"

खोज तथा उद्धारको लागी उत्खनन भइरहेको निर्माणाधीन भवनको अग्रभागका पाँच वटा पिल्लर देखिए पनि अन्य संरचना बाढीले बगाएर उक्त स्थान बगरमा परिणत भएको पाइएको छ। अहिले सोही क्षेत्रमा भग्नावशेष हटाउँदै खोजी भइरहेको छ।

बाढीपछिको असहज परिस्थितिका बाबजुद नेपाली सेनाको नेतृत्वमा रहेको संयुक्त सुरक्षा फौजले खोज तथा उद्धार कार्यलाई निरन्तरता दिएको छ। अहिले त्रिशूली थ्री 'बी'मा नेपाली सेनाका सेनानी केशव थापाको नेतृत्वमा ८६ जना र सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक प्रेमसिंह धामीको नेतृत्वमा १० जनाको टोली खटिएको छ।

विदेशी उद्धार विज्ञ सहितको टोलीबाट सुरु गरिएको खोज तथा उद्धार कार्य अहिले जलविद्युत् आयोजनाका विज्ञसहित नेपाली टोलीले अघि बढाइरहेको छ। नेपाली सेनाका सेनानी थापाका अनुसार हराइरहेका कर्मचारी तथा कामदार फसेको हुनसक्ने सम्भावित स्थानमा खोजी गर्दै अहिले विद्युत् उत्पादन गृहका लागि निर्माणाधीन भवन क्षेत्र अन्तिम बिन्दुका रूपमा खोज उद्धार भइरहेको छ। "सम्भावित स्थानबाट खोज तथा उद्धार गर्दै आएका छौँ। अहिले विद्युत् उत्पादन गृहका लागि निर्माणाधीन भवन क्षेत्रमा खोजी केन्द्रित गरेका छौँ। आवश्यक उपकरण तथा स्रोतसाधन परिचालन गरी काम भइरहेको छ", सेनानी थापाले जानकारी दिनुभयो। खोज तथा उद्धारमा खटिएको संयुक्त सुरक्षा फौजले नेपाल विद्युत् प्राधिकरण तथा जलविद्युत् क्षेत्रका विज्ञहरूसँग परामर्श गरी आवश्यक यन्त्र-उपकरणसहित स्रोतसाधन परिचालन गरेको छ।

त्रिशूली थ्री 'बी'को खोज तथा उद्धारमा यसअघि चीन, अष्ट्रेलिया, क्यानडा र दुबईबाट आएका सुरक्षाकर्मी र उद्धारकर्मीसमेत परिचालन गरिएको थियो। बाढीपछि आयोजना क्षेत्र दलदले लेदोसहितको बगरमा परिणत भएकाले जोखिमपूर्ण अवस्थामा खोज तथा उद्धार गर्नुपरेको छ। संयुक्त सुरक्षा फौजले भग्नावशेष हटाउँदै खोजी गरे पनि हालसम्म थप केही पत्ता लाग्न नसकेको बहादुर श्री शेरगण नुवाकोटका गणपति, प्रमुख सेनानी आविष्कार ढुङ्गानाले जानकारी दिनुभयो।

"बाढीका कारण आयोजना क्षेत्र अत्यन्त जोखिमपूर्ण बनेको छ। भग्नावशेष हटाउँदै सम्भावित स्थानमा खोजी भइरहेको छ। हालसम्म थप केही पत्ता लाग्न सकेको छैन", प्रमुख सेनानी ढुङ्गानाले बताउनुभयो। बाढीका कारण प्रभावित माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् केन्द्रबाट बाढी आएको १० दिनपश्चात् दुई जनालाई सकुशल उद्धार गरिएको थियो। सोही क्रममा पहिचान नखुलेको एउटा शवसमेत भेटिएको थियो। थ्री 'ए'को विद्युत् उत्पादन गृहसहितको सुरुङ क्षेत्रमा नेपाली सेनाको नेतृत्वमा रहेको संयुक्त सुरक्षा फौजले सम्पूर्ण क्षेत्रमा यसअघि नै खोज तथा उद्धार कार्य गरेको थियो। त्यस क्रममा थप केही फेला नपरे पनि बाढीले क्षतिग्रस्त बनाएका स्थानमा भग्नावशेष हटाउँदै खोज तथा उद्धार कार्य अहिले पनि जारी रहेको छ। बाढीबाट प्रभावित दुवै जलविद्युत् आयोजनामा हराइरहेका कर्मचारी तथा कामदारको खोजीका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीसहित सम्बन्धित प्राविधिक विज्ञहरूको टोलीले सम्भावित स्थानमा खोज तथा उद्धारलाई निरन्तरता दिइरहेको छ।

**Vacancy Announcement**
Notice Date: 14th Sep 2026

**Disability Rehabilitation Society Dhading (DRSD)**, a non-governmental organization (NGO) based in Dhading, invites applications from qualified, competent, and highly motivated Nepalese citizens for the following vacant positions to support the implementation of the **AASHA-Bringing Hope, Restoring Lives Project in Dhading districts.**

**1. Job Position: Response Coordinator – 1 No. (one)**
**Professional skills and qualifications needed for the position:**
- Bachelor degree in Development Studies, Social Sciences, Disaster Management, WASH, Public Health or a related field. (Master Degree preferred)
- At least 3 years of relevant experience, preferably in humanitarian/ emergency response, disaster risk reduction, WASH or community-based programmes. Special priority will be given to those who have worked in the field of disability rights.

**2. Job Position: Technical Officer-Shelter&WASH – 1 No. (One)**
**Professional skills and qualifications needed for the position:**
- Bachelor's degree in one of the following fields: Water Resource Engineering, Civil Engineering or public health engineering.
- At least 2 years of RELEVANT experience as a PHE Officer working in Nepal and implementing hardware WASH activities.

**3. Job Position: MEAL & GESI Officer – 1 No. (One) Women Only.**
**Professional skills and qualifications needed for the position:**
- Bachelor's degree with Monitoring and Evaluation, Statistics, Social Sciences, Development Studies, Public Health, or a related field.
- At least 2 years of relevant MEAL & GESI experience, preferably in humanitarian/ emergency response and WASH or community-based programmes. priority will be given to those who have worked in the field of disability rights.

**4. Job Position: Social Mobilizer (100% Salary) – 3 No. (Three)**
**Professional skills and qualifications needed for the position:**
- PCL or 10+2 Academic Qualification.
- At least 2 years of relevant professional experience in Social Mobolization preferably with an NGO/ INGO or humanitarian organization in Nepal. priority will be given to those who have worked in the field of disability rights.

**Application Procedures:**
Interested Nepali applicants with suitable qualification & skills are requested to submit an application letter, copies of academic certificates, experience certificates & updated CV with two referees through email: drsd.dhading@gmail.com, drsdhading2014@gmail.com or in **DRSD Office, Neelkantha 3, Dhading** (Physically) by **20th September 2026 (05 Ashoj 2083)**. Only shortlisted candidates will be contacted for further process. Woman and candidates from marginalized castes and ethnic groups are encouraged to apply.
***DRSD reserves the right to reject any or all applications without assigninig any reasons whatsoever.***
***For Detail Information: 9851100725/9841899971***
***Website: www.drsd.org.np***

## कृष्णभीरमा........................................

नालीमा पठाउने व्यवस्था पनि भइरहेको छ। कृष्णभीर माथिपट्टी पहाडमा केही चिरा पनि देखिएका छन्। ती चिराबाट पानी भित्र पस्न नदिन आवश्यक तयारी पनि भइरहेको छ। चिरालाई उपलब्ध प्रविधि तथा रासायनिक पदार्थ प्रयोग गरी सिल गर्ने र प्लास्टिकले छोपेर पानी प्रवेश गर्न नदिने उपाय अपनाइनेछ।

कृष्णभीरको जोखिमलाई मध्यनजर गरी उक्त सडकखण्डको वैकल्पिक मार्गका रुपमा बेनीघाटदेखि फिस्लिङसम्मको करिब २० किलोमिटर खण्डमा ट्र्याक खोल्ने काम पनि अघि बढाइएको छ। उक्त सडकमा यात्रुवाहक सवारीसाधन वैकिल्पक रुपमा सञ्चालन गर्न मिल्ने गरी तयारी गरिएको छ। नयाँ ट्र्याकमा रातिको समयमा यात्रा सुरक्षित बनाउनका लागि सडक विभागले स्थानीय तहसँग समन्वय गरी बत्तीको व्यवस्था गर्ने तयारी भइरहेको जनाएको छ। साथै टल्किने स्टिकरलगायतका ट्राफिक सुरक्षा सामग्री पनि राखिनेछन्। हाल निर्माणका क्रममा बिहान करिब ६ देखि ७ बजेको बीचमा र बेलुका ६ देखि ७ बजेको बीचमा सवारीसाधनलाई आवतजावत गर्न दिइँदै आएको छ भने अत्यावश्यक अवस्थामा निर्माण कार्य रोक्दै सवारीसाधनलाई पास गराउने व्यवस्था गरिएको छ। रातिको समयमा भने सडक पूर्ण रूपमा बन्द गरिएको छ। यही भदौ १० गते भोटेकोशीमा गएको बाढीले कृष्णभीरको 'सुरक्षा पर्खाल'मा क्षति पुऱ्याएको थियो भने भदौ १४ गते गएको अर्को बाढीले उक्त पर्खाल भत्काएपछि यातायात सेवा पूर्ण रुपमा अवरुद्ध भएको थियो।

## धादिङलाई फेरि................................

उदाहरण पनि लिन सकिन्छ। खोलाको आसपास निर्माण भएका संरचनामा बाढी आउन सक्छ भन्ने आधारमै सुरक्षा प्रणाली हुनुपर्छ। इभ्याकुएसन प्लान हुनुपर्छ। बाढी आउनेबित्तिकै साइरन बज्ने र त्यहाँ रहेका मानिस सुरक्षित ठाउँतर्फ जाने अभ्यास भएको भए धेरै मानिस जोगिन सक्ने सम्भावना हुन्थ्यो।

मैले हाइड्रो परियोजनाका व्यवस्थापकसँग छलफल गर्दा त्यस्तो प्रकारका नियमित अभ्यास पर्याप्त नभएको पाएँ। सुरुङभित्र काम गर्ने मानिस कुनै बेला थुनिन सक्छन् भनेर खाद्यान्न र पानीको न्यूनतम व्यवस्था गरिएको भए पनि आपत्कालमा उपयोगी हुन सक्थ्यो।

बेलीब्रिजको विषय उठाउँदा पनि मैले यो सरकारले ल्यायो वा ल्याएन भन्ने अर्थमा बोलेको होइन। हामी सिङ्गो देशकै रूपमा विपद् पूर्वतयारीमा कति सक्षम छौँ भन्ने प्रश्न हो। भूकम्प आउन सक्छ, बाढी आउन सक्छ, कोभिडजस्तो अर्को महामारी आउन सक्छ। त्यसका लागि हामीले निरन्तर पूर्वतयारी गर्नुपर्छ।

यो सरकारले गऱ्यो वा गरेन, कुनै नेता वा कर्मचारीले गऱ्यो वा गरेन भन्ने मेरो आशय होइन। समग्रमा हामीले पर्याप्त पूर्वतयारी गर्न सकेनौँ भनेको हो। त्यसमा म पनि पर्छु। म पनि अहिले जिम्मेवारीमा छु। स्थानीय सरकारदेखि केन्द्र सरकारसम्म, व्यक्तिदेखि परिवार र संस्थासम्म सबैले विपद् पूर्वतयारीमा ध्यान दिनु असाध्यै महत्वपूर्ण छ। विपद् रोक्न सकिँदैन, तर क्षति न्यूनीकरण गर्न सकिन्छ। बिग्रिएका संरचना छिटो पुनर्निर्माण गर्न सकिन्छ। त्यसका लागि पूर्वतयारी अत्यन्तै महत्वपूर्ण हुन्छ। मेरो आशय सबैलाई सचेत गराउनु हो। मैले कसैलाई दोष दिएको छैन। त्यसलाई राजनीतिक रूपमा बुझेर खुट्टा तान्नुपर्ने कुनै विषय छैन।

**प्रश्न** : नेपालीमा एउटा उखान छ- 'भन्ने खसी, काट्ने फर्सी, त्यो पनि पर्सी।' पुल र सडकको हकमा त्यस्तो त हुँदैन होला नि ?

**उत्तर** : त्यस्तो हुँदैन। यो विपद्को अवस्था भएकाले तुलनात्मक रूपमा हामीले काम छिटो गरिरहेका छौँ। अझ कसरी छिटो बनाउन सकिन्छ भनेर निरन्तर छलफल भइरहेको छ।

कृष्णभीरकै उदाहरण लिनुहोस्। एक घण्टा मात्रै कसरी बचाउन सकिन्छ, तीन सिफ्टमा काम गर्न सकिन्छ कि सकिँदैन भनेर छलफल गरेका छौँ। पुल निर्माणमा पनि बिहान, दिउँसो र राति गरी तीन सिफ्टमा काम गरेर जतिसक्दो छिटो सक्ने विधि अपनाउनुपर्छ। ठेकेदारसँग सम्झौता हुने बेलादेखि नै यस्ता विषयमा छलफल गर्नुपर्छ। जनताले हामीलाई मत दिएर निर्वाचित गर्नुभएको छ। जिल्लामा यति ठूलो क्षति भएर आठ स्थानीय तह र झन्डै ५४-५५ वडाका नागरिकको आवागमन प्रभावित हुँदा हामीलाई पनि उत्तिकै पीडा हुन्छ।

जिल्लालाई छिटो जोड्न हामीलाई मन नहुने भन्ने प्रश्नै हुँदैन। हामी जतिसक्दो छिटो काम गर्छौं। जनताका लागि काम गर्न आएका हौँ। त्यसकारण प्रतिबद्धताअनुसार काम हुन्छ, नागरिकले यसमा शंका गर्नुपर्ने अवस्था आउन दिँदैनौँ।

**प्रश्न** : अन्त्यमा, विपद्बाट प्रभावित नागरिक र तपाईंलाई मत दिएर आशा र भरोसा गरेका धादिङवासीलाई के भन्न चाहनुहुन्छ ?

**उत्तर** : यो विपद् कसैले चाहेर आएको होइन। हाम्रो कल्पनाभन्दा बाहिरको विपद् हो। धादिङ, नुवाकोट र रसुवाको अवस्था हेर्दा हामी सबैको मन दुखेको छ। तर यो पीडा सहँदै अगाडि बढ्नुको विकल्प छैन।

राज्यले गर्नुपर्ने काम जतिसक्दो छिटो भइरहेको छ। मैले सार्वजनिक गरेको भिडियोमा पनि पुल छिटो बनाउनेलगायत थुप्रै विचारको कुरा गरेको छु। यो विपद्बाट छिटो बाहिर निस्किन सकिने कुनै नवीन विचार वा उपाय कसैसँग छ भने हामीलाई सुझाव दिनुहोस्। यसरी गर्दा राम्रो हुन्छ भन्ने सुझाव दिनुहोस्। हामी नागरिकसँग बस्छौँ, छलफल गर्छौं, अन्तरक्रिया गर्छौं।

हाम्रो तर्फबाट प्रभावित नागरिकलाई जतिसक्दो छिटो सामान्य अवस्थामा फर्काउन प्रयास जारी रहन्छ। सार्वजनिक संस्था, विद्यालय तथा स्वास्थ्य संस्थामा अवरुद्ध सेवा नियमित सञ्चालन गराउन हाम्रो पूर्ण सहयोग रहन्छ। नागरिकले दिने सुझावलाई हामी महत्वपूर्ण रूपमा लिन्छौँ। सबै मिलेर मात्रै विपद्सँग जुध्न सकिन्छ।

यससँगै भविष्यका लागि व्यक्ति र घरपरिवार तहदेखि नै पूर्वतयारी गरौँ। भोलि विपद् आइहाल्यो भने के गर्ने भन्ने कुरा आजै सोचौँ। विपद् रोक्न सक्दैनौँ, तर पूर्वतयारी गरेर क्षति अवश्य घटाउन सक्छौँ।

# अब एटीएममै पाइन्छ १०० का नोट

काठमाडौं, नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई एटिएममा एक सय रुपैयाँका नोट पनि राख्न निर्देशन दिएको छ।

राष्ट्र बैंकले सोमबार विज्ञप्तिमार्फत सबै वाणिज्य बैंकलाई अनिवार्य रूपमा एटिएममा एक सय रुपैयाँको नोट राख्न भनेको हो।

नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग आन्तरिक प्रशासन फाँटले नेपाल बैंकर्स संघलाई पठाएको पत्रमा बैंक तथा वित्तीय संस्थाहरुले हाल एटिएम मेसिनहरुबाट १,००० र ५०० दरका नोटहरु मात्र वितरण गर्दै आइरहेकोमा ग्राहकहरुले १०० दरका नोटहरु पनि वितरण गर्नुपर्ने माग गरेको र दशैंलाई लक्षित गरेर यस्तो निर्णय भएको उल्लेख गरेको छ।

'नजिकिँदै गरेको महान् चाड बडादशैंको उपलक्ष्यमा १०० दरका नोटहरु पनि एटिएम मेसिनहरूबाट वितरण गर्न सकिएमा बैंक तथा वित्तीय संस्थाहरुमा पनि साना दरका नोट साट्ने ग्राहकहरुको भीड उल्लेख्य रुपमा कम हुने आँकलन गरिएको हुँदा यस सम्बन्धमा केही बैंकहरुसँग मौखिक जानकारी लिंदा प्राविधिक रुपमा सो व्यवस्था गर्न सकिने समेत जानकारी प्राप्त भएकोले आमसर्वसाधारण ग्राहकहरुको सुविधा एवं चाडपर्वको समयमा बैंकहरमा हुने भीड व्यवस्थापनलाई ध्यानमा राखी १०० दरका नोटहरु पनि वितरण गर्ने व्यवस्था मिलाई सहयोग गरिदिनुहुन अनुरोध छ,' पत्रमा भनिएको छ।

# भोटेकोशी बाढीः एक हजार ३९९ शव फेला

काठमाडौं, ३० भदौः भोटेकोशी बाढीमा परी हालसम्म एक हजार ३९९ जनाको शव फेला परेको छ। बाढीपश्चात् अझै पाँच हजार १७९ जना सम्पर्कविहीन छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बुधबार साँझ सार्वजनिक गरेको विवरणअनुसार चितवनमा ३६४, नवलपरासी पूर्वमा २३२, नवलपरासी पश्चिममा २२२, नुवाकोटमा २०२, रसुवामा १८९, गोरखामा ७८, धादिङमा ७२ र तनहुँमा ३८ शव फेला परेको छ। उपचारका क्रममा काठमाडौंमा दुई जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ। हालसम्म फेला परेका शवमध्ये १०४ को सनाखत भइसकेको छ। बाँकी शवको पहिचानका लागि 'डिएनए' परीक्षणलगायत प्रक्रिया अघि बढाइएको छ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बाढीपछि हालसम्म १३ हजार ७४२ जनाको उद्धार गरिएको छ। प्रभावित क्षेत्रमा स्वास्थ्य मन्त्रालयमार्फत १५० जना परामर्शदाता परिचालन गरिएको छ। नेपाल प्रहरीले सञ्चालन गरेको १६६ वटा सामुदायिक जनचेतना कार्यक्रममार्फत ४५ हजार २३८ जनालाई परामर्श प्रदान गरिएको प्रवक्ता महतले जानकारी दिनुभयो।

बाढीबाट विस्थापित तथा प्रभावित नागरिकलाई सुरक्षित स्थानमा राख्दै आधारभूत आवश्यकता पूरा गर्न राज्यका विभिन्न निकायले राहत तथा व्यवस्थापनको कामलाई निरन्तरता दिएका छन्। सुरक्षा निकाय, स्थानीय तह तथा विभिन्न सरकारी र गैरसरकारी संस्थाले बेपत्ता नागरिकको खोजी, घाइतेको उद्धार तथा उपचार र राहत व्यवस्थापनमा सक्रिय छन्।

# ठमेलमा शान्ति भङ्ग गर्ने ३५ जनाविरुद्ध मुद्दा

काठमाडौं। काठमाडौंको प्रमुख पर्यटकीय क्षेत्र ठमेलमा सार्वजनिक मर्यादा एवं शान्ति भङ्ग गर्ने, लागुऔषध तथा यौनजन्य गतिविधिका लागि दुरुत्साहन गर्ने र बिचौलियाका रूपमा काम गर्ने ३५ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ।

ठमेल क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटक, ग्राहक एवं सर्वसाधारणलाई लागुऔषध तथा यौनजन्य गतिविधिमा संलग्न हुन दुरुत्साहन गर्ने, दुःख हैरानी दिने तथा अभद्र व्यवहार गर्ने गरेको गुनासो बढेपछि प्रहरीले विशेष निगरानी तथा कारबाही गरेको थियो। सो क्रममा सार्वजनिक मर्यादा तथा शान्ति भङ्ग गर्नसक्ने आशङ्का देखिएका ५९ जनालाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले नियन्त्रणमा लिएकामध्ये प्रारम्भिक छानबिन तथा अनुसन्धान गर्दा १३ पुरुष र २२ महिलाको संलग्नता देखिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो। उहाँका अनुसार छानबिनपश्चात् संलग्नता देखिएका निज ३५ केही रात्रिकालीन व्यवसायमा बिचौलियाका रूपमा काम गर्ने, लडाइँ-झगडा गर्ने तथा अन्य अनैतिक क्रियाकलापमार्फत सार्वजनिक मर्यादा एवं शान्ति भङ्ग गर्ने गतिविधिमा संलग्न रहेको पाइएको छ।

प्रहरीले उनीहरूविरुद्ध अभद्र व्यवहार गर्न नहुनेसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पाँच दिनको म्याद थप अनुमति लिएर अनुसन्धान अघि बढाएको जनाएको छ।

# कांग्रेसको महाधिवेशनमा उत्साहपूर्वक सहभागी हुन सभापति थापाको आह्वान



काठमाडौं। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको १५औं महाधिवेशनअन्तर्गत आगामी असोज ३ र ४ गते हुने वडा अधिवेशनमा कुनै अलमलमा नपरी उत्साहका साथ सहभागी हुन सम्पूर्ण क्रियाशील सदस्य, समर्थक तथा शुभेच्छुकलाई आह्वान गर्नुभएको छ।

सभापति थापाले मंगलबार विज्ञप्ती जारी गर्दै नेपालको संविधान, नेपाली कांग्रेसको विधान र प्रचलित कानुनबमोजिम हुन लागेको महाधिवेशनमा सबैको सहभागिता सुनिश्चित गर्न पार्टीले अधिकतम प्रयास गर्दै आएको उल्लेख गर्नुभएको छ।

उहाँले लोकतन्त्रमा फरक मत हुनु स्वाभाविक रहेको भन्दै पार्टीभित्रका आन्तरिक मतभेद र असमझदारीलाई संवाद, विधि तथा पद्धतिबाट समाधान खोज्नु लोकतन्त्रको सुन्दर पक्ष भएको बताउनुभयो। कांग्रेसमा फरक मतलाई स्वीकार गर्दै विधि र पद्धतिका आधारमा समाधान खोज्ने परम्परा रहँदै आएको उहाँले बताउनुभयो।

सभापति थापाले वर्तमान कार्यसमितिले पटकपटक संवादमार्फत सहमतिका सबै विकल्प स्वीकार गरी सबैलाई महाधिवेशन प्रक्रियामा सहभागी गराउने प्रयास गरेको उल्लेख गर्नुभयो। उहाँले पार्टीका अग्रज नेता, विभिन्न तहका पदाधिकारी तथा सदस्यबाट प्राप्त सुझावलाई ध्यानमा राखी २०८२ पुससम्म नवीकरण भएका सबै क्रियाशील सदस्यलाई अधिवेशन प्रक्रियामा सहज सहभागिता गराउने निर्णय गरिएको बताउनुभयो।

सभापति थापाले विशेष महाधिवेशन सम्पन्न हुनुअघिको केन्द्रीय कार्यसमितिका तत्कालीन पदाधिकारी तथा सदस्यलाई वर्तमान केन्द्रीय कार्यसमितिको सदस्यका रूपमा समावेश गर्ने निर्णय यही भदौ २८ गतेको कार्यसम्पादन समितिको बैठकले गरिसकेको भन्दै तत्कालीन केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य १५औं महाधिवेशन प्रक्रियामा केन्द्रीय सदस्यका रूपमा सहभागी हुनसक्ने स्पष्ट पार्नुभयो। उहाँले महाधिवेशन मार्फत सामूहिक प्रयासबाट पार्टीलाई एकताबद्ध र गतिशील बनाउँदै राष्ट्रका चुनौती सामना गर्नसक्ने बलियो कांग्रेस निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सभापति थापाले वडा तहदेखि केन्द्रसम्मको महाधिवेशन अभियानमा उच्च मनोबलका साथ सहभागी हुन सम्पूर्ण कांग्रेसजनलाई आग्रह गर्नुभएको छ। नेपाली कांग्रेसको १५औं महाधिवेशन आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुन लागेको छ।

सभापति थापाले पार्टीका सबै तहका कार्यसमिति, पदाधिकारी, सदस्य, समर्थक तथा शुभेच्छुकलाई पार्टीको बृहत्तर हितलाई ध्यानमा राखी सौहार्दपूर्ण र हार्दिक वातावरणमा सबैलाई सहभागी गराएर महाधिवेशन सम्पन्न गर्न अपिल गर्नुभएको छ।

# संस्था सुधारको माग गर्दै १५ दिने अल्टिमेटम

जनकपुरधाम। मधेश युवा सञ्जालले प्रदेशका स्वास्थ्य क्षेत्रमा देखिएका विकृति, लापरवाही, अनियमितता तथा सेवाग्राहीका समस्या तत्काल समाधान गर्न माग गर्दै प्रदेश सरकारलाई १५ दिने अल्टिमेटम दिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवलाई ज्ञापनपत्र बुझाउँदै सञ्जालले प्रदेशको स्वास्थ्य सेवा प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउन तत्काल सुधारका कदम चाल्न माग गरेको हो।

प्रादेशिक अस्पताल जनकपुरधाममा नवजात शिशुको मृत्यु, राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आर्थिक अभावका कारण सुत्केरी महिला अस्पतालबाहिरै सुत्केरी गराउनु परेको घटना तथा जनकपुरधामस्थित मुस्कान अस्पतालमा पित्तथैलीको शल्यक्रियापछि बिरामीको मृत्यु लगायतको घटनाप्रति सञ्जालले मन्त्रालयलाई ध्यानाकर्षण गराएको छ।

यी घटनासहित प्रदेशभर स्वास्थ्य क्षेत्रमा देखिएका समस्या र विकृतिको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न तथा दोषी देखिए कानुनबमोजिम कारबाही गर्न माग गरिएको सञ्जालका किशन साहले बताए। उनका अनुसार प्रदेश सरकारसमक्ष गरिब, विपन्न, असहाय, गर्भवती, सुत्केरी तथा आकस्मिक बिरामीलाई आर्थिक अभावकै कारण उपचारबाट वञ्चित हुन नदिन प्रभावकारी व्यवस्थालगायतका सञ्जालले १३ बुँदे माग अघि सारेको हो।

त्यस्तै, स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्डअनुसार लक्षित वर्गका लागि व्यवस्था गरिएको १० प्रतिशत निःशुल्क शैया तथा उपचार सेवा वास्तविक सेवाग्राहीले पाउने गरी कडाइका साथ कार्यान्वयन गर्नुपर्ने सञ्जालको माग छ।

यसका साथै सञ्जालले प्रदेशभर सञ्चालित अस्पताल, क्लिनिक, नर्सिङ होम तथा अन्य स्वास्थ्य संस्थाको दर्ता, अनुमति, नवीकरण, पूर्वाधार, उपकरण र जनशक्तिको पुनः अनुगमन गर्नुपर्ने तथा मापदण्ड पूरा नगरेका वा अनुमति नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थामाथि कानुनी कारबाही गर्नुपर्ने माग पनि गरिएको छ।

बिरामीमाथि हुने अनावश्यक परीक्षण, बढी शुल्क असुली, कमिसन, अनावश्यक औषधि तथा उपचारका नाममा हुने आर्थिक ठगी नियन्त्रण गर्न र सबै अस्पताल तथा स्वास्थ्य संस्थाले स्वीकृत शुल्कदर सार्वजनिक गर्नुपर्ने मागसमेत ज्ञापनपत्रमा उल्लेख छ।

# निर्माण कम्पनीलाई स्पष्टीकरण

❑ *प्रत्युष समाचारदाता*

चितवन। भरतपुर महानगर पालिकाले सम्झौताअनुसार निर्माण कार्य सम्पन्न नगरेको भन्दै यहाँका २६ जना निर्माण व्यवसायीलाई स्पष्टीकरण सोधेको छ।

महानगरपालिकाले मंगलबार सार्वजनिक सूचना जारी गर्दै चित्त बुझ्दो जवाफ नदिए कारबाही प्रक्रिया अगाडि बढाइने बताएको छ। भरतपुर महानगरपालिकाका डिभिजनल इन्जिनियर सन्तोष आचार्यले निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्न ठोस प्रयास नगरेका तथा पटकपटक लिखित र मौखिक रूपमा आग्रह गर्दासमेत बेवास्ता गरेका निर्माण कम्पनीलाई सातदिने स्पष्टीकरण सोधिएको बताउनुभयो। तोकिएको अवधिभित्र स्पष्टीकरण पेस नगरेमा, निर्माण कार्यलाई निरन्तर तीव्रता नदिएमा वा मनासिब कारण पेस हुन नआएमा सम्झौता बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने आचार्यको भनाइ छ।

उहाँले काम नगर्ने परिस्थिति आएका ठेक्का रद्द गरी पुनः बोलपत्र आह्वान गर्ने जानकारी दिनुभयो।

# नेपाल क्षयरोग निवारण संस्था धादिङको अध्यक्षमा श्रीकृष्ण अधिकारी चयन

❑ *प्रत्युष समाचारदाता*

धादिङबेंशी। नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा धादिङको २९औं वार्षिक साधारणसभा तथा दशौं अधिवेशन मंगलबार धादिङबेंसीमा सम्पन्न भएको छ।

अधिवेशनले श्रीकृष्ण अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। नवनिर्वाचित कार्यसमितिको उपसभापतिमा दामोदर न्यौपाने, सचिवमा बलराम खत्री, कोषाध्यक्षमा विष्णुलाल श्रेष्ठ र सहसचिवमा कमला श्रेष्ठ चयन हुनुभएको छ। त्यसैगरी सदस्यमा मोहनमाया श्रेष्ठ, दामोदर इटनी र विष्णु रिजाल निर्वाचित हुनुभएको छ। नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको रहनेछ। साधारणसभामा सचिव बलराम खत्रीले प्रस्तुत गर्नुभएको प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम र कोषाध्यक्ष विष्णुलाल श्रेष्ठले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरिएको थियो।

कार्यक्रम जिल्ला शिक्षा समन्वय इकाई धादिङका प्रमुख कृष्णकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। कार्यक्रममा नीलकण्ठ नगरपालिका स्वास्थ्य शाखाका प्रमुख विष्णुप्रसाद रिजालको विशेष आतिथ्यता रहेको थियो।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com